उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री

गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,
पोखरा नेपाल ।

## विश्व पर्यटन दिवसको शुभकामना

Tourism and Green Investments अर्थात पर्यटन र हरित लगानी भन्ने नारा सहित मनाउन लागिएको ४४ औं विश्व पर्यटन दिवसको अवसरमा म यस क्षेत्रमा संलग्न उद्योगी, पर्यटन व्यवसायी, पर्यटक र सरोकारवालाहरु सवैमा शुभकामना व्यक्त गर्न चाहन्छु ।

गण्डकी प्रदेशमा रहेका जैविक, भौगोलिक, प्राकृतिक, सामाजिक, साँस्कृतिक, ऐतिहासिक र धार्मिक विविधता पर्यटक आकर्षण गर्ने मुख्य श्रोत हुन । गण्डकी प्रदेशका मुख्य पर्यटकीय गन्तव्यहरु अन्नपूर्ण चक्रियमार्ग, अन्नपूर्ण आधार शिविर, थोरङ्गला पास, लार्के पास, मर्दि हिमाल पदमार्ग, मनास्लु पदमार्ग, धवलागिरी चक्रिय पदमार्गहरु विश्वकै उत्कृष्ट पदमार्गहरु हुन भने घोरेपानी, घान्द्रुक, लान्द्रुक, पञ्चासे जस्ता प्रख्यात पर्यटकीय स्थलहरु, सिरुवारी, घलेगाउँ, काउलेपानी, ल्वाङ्गघलेल, भुजुङ्ग, सिक्लेस, तानतिङ्ग जस्ता पर्यटन तथा होमस्टेका नमूनाहरु, गोरखा दरवार, गाउँशहर, जोमसोङ्ग, लोमाङ्गथाङ्ग जस्ता ऐतिहासिक स्थानहरु, मनकामना, मुक्तिनाथ, दामोदरकुण्ड, गोरखनाथ, बागलुङ्ग कालिका, गलेश्वरधाम, वाल्मिकी आश्रम जस्ता प्रशिद्ध धार्मिक स्थलहरुका कारण गण्डकी प्रदेश राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यटकहरु माझ प्रख्यात छ ।

पर्यटन क्षेत्रलाई चलायमान बनाउन Nature, Culture and Adventure का आधारमा गण्डकी प्रदेशको पर्यटनलाई विश्व बजारमा प्रवर्द्धन गरी प्रदेशको ग्रामीण र शहरी दुवै क्षेत्रमा आयआर्जन बृद्दी गर्न, रोजगारी सिर्जना गर्न र अर्थतन्त्रलाई सवल बनाउन पर्यटन क्षेत्रले उल्लेखनिय योगदान गरोस् । पर्यटन क्षेत्रको विकासमा प्रदेश सरकारको समर्थन, सहजीकरण र सहकार्य सदैव रहने विश्वास दिलाउँदै विश्व पर्यटन दिवश, 2023 को हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु, धन्यवाद ।

२०८० असोज १० गते
September 27, 2023

.................................
दिपेन्द्र बहादुर थापा
मन्त्री